बैठक संख्याः २३।२०८२

बैठक मितिः २०८२।१२।१६, समयः३:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।१२।१६ गते सोमबार दिनको ३:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उपप्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशब गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिकासदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिकासदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिकासदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिकासदस्य | |
| २० | श्री तेज नारायण यादव | प्रमुखप्र शासकीय अधिकृत | |
| आमन्त्रित | | | |
| १ | श्री विरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोइराला | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री सुमन पौडेल | अधिकृत छैंठौं | |
| ४ | श्री मुना पोखेल | सहायक पाँचौ | |

प्रस्तावहरु

१. महालेखा परिक्षकको आ व २०८१/८२ को प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

२. विविध

<u>छलफल तथा निर्णयहरु</u>

<u>निर्णय नं. १</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा महालेखा परिक्षकको कार्यालयबाट यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरिक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन पेश भएकोमा उक्त प्रतवेदनमा उल्लेखित तपिसलका असुलउपर, अनियमित, पेश्की, प्रमाण पेश गर्ने र सैद्धान्तिक वेरुजु समेतका सम्बन्धमा देहाय बमोजिम निर्णय गरि उक्त वेरुजु प्रतिक्रियाबाट फछ्यौंट गरि लगतकट्टाका लागि महालेखापरिक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

क) दफा ८२ कार्यालयको दैनिक कामको लागि प्रमुख प्रशासकिय अधिकृतलाई मासिक रु २५०००का दरले करवाहेक रु २२७३७५।- अतिरिक्त भत्ता दिइएकोले असुल हुनुपर्ने व्यहोरा उल्लेख भएकोमा सो सम्बन्धमा मिति २०७६।०४।१७ को नगर कार्यपालिका बैठकको निर्णयले सचिवको भत्तावापत रु १५०००।- अतिरिक्त भत्ता दिने निर्णय भएकोमा पुन: २०७७।१०।२९ मा मासिक रु २५०००।- कायम गर्ने निर्णय भएको र प्रत्येक आ.ब.मा सभाले अनुमोदन गरी हालसम्म निरन्तरता दिदै आएकोमा अव उप्रान्त सो भत्ता नदिने प्रतिवद्धता व्यक्त गर्दै उक्त वेरुजु हटाइ दिन अनुरोध गर्ने ।

ख) दफा १०१ मा स्थायी, अस्थायी, करारमा कार्यरत कर्मचारीहरुलाई वार्षिक रुपमा थप एक महिनाको प्रोत्साहान भत्ता दिएको रकम असुलउपर गर्नुपर्ने रु ३१४८७५२।- उल्लेख भएकोमा २०७६।०४।१७ गतेको नगरकार्यपालिकाको निर्णयवाट यस नगरमा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप १ महिनाको तलव वरावरको रकम उपलव्ध गराउने निर्णय भइ प्रत्येक वर्षको नगरसभामा कार्यपालिका बैठकको निर्णय समेत अनुमोदन भएको सन्दर्भमा सो भत्ता उपलव्ध गराइएको तर अव उप्रान्त त्यस्तो भत्ता उपलव्ध नगराउने प्रतिवद्धता व्यक्त गर्दै सो रकम फछ्यौंट गरी लगत कट्टा गरिदिन अनुरोध गर्ने ।

ग) दफा ९९ मा सम्झौता वेगर करार कर्मचारीलाई महंगी भत्ता उपलव्ध गराएकोले ५६ जना कर्मचारीको रु ६७२०००। असुलउपर गर्नु भनि उल्लेख भएकोमा कोशी प्रदेश स्थानिय सेवा गठन

तथा सञ्चालन ऐन २०८० मा करार कर्मचारीलाई समेत तोकिए बमोजिमको महंगी भत्ता उपलब्ध गराइएकोले फछ्यौंट गरि लगतकट्टा गरिदिन अनुरोध गर्ने

घ) दफा ८३.२ मा नपाउने गाडी भाडा तथा होटलवास खर्च रु ९०००० नगरप्रमुख श्री शंकरलाल चौधरीवाट असुल हुनुपर्ने भनि उल्लेख भएकोमा नगर प्रमुखको संयोजकत्वमा ५ सदस्यिय टोली रामधुनीको प्रचारप्रसार तथा अयोध्या नगर सँग भगिनी सम्वन्ध स्थापनाका लागि भारत प्रस्थानको तयारी तथा सुझाव संकलनका लागि नगरको सभाहलमा रामधुनी नगरपालिकाका वैद्धिक व्यक्तित्वहरु करिव ६०/७० जनाको भेलाभइ छलफल तथा सुझाव समेत संकलन गरी खाजा तथा खाना खर्च तथा भ्रमण टोलीमा भारतमै वसोवास गर्ने सन्तमहन्त समेत संलग्न भइ ३० जना सँगै जाने भएकोले सोको भाडा समेतको रकम समावेश भएको हुँदा रामधुनी पर्यटन प्रवर्द्धनका लागि भएको खर्चको फछ्यौंट गरी लगतकट्टा गरिदिनुहुन अनुरोध गर्ने

ङ) दफा ८१ मा नगर प्रमुख सहित विभिन्न पदाधिकारीको होटल विल खर्च रु ३९३१५५। दोहोरो भएको भनि अनियमित वेरुजु उल्लेख भएकोमा नगर प्रमुख श्री शंकरलाल चौधरी सहितको विज्ञ, सम्बन्धित पदाधिकारी र प्राविधीक लगायतका जिम्मेवार कर्मचारीहरु पटक पटक १५ शैया अस्पताल वक्लौरी र झुम्का आधारभुत अस्पतालमा विमा कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य मन्त्रालय (ppmo)लगायतका मन्त्रालय तथा कार्यालयमा जाँदा होटलवास तथा फुटकर खर्च गर्नुपर्ने वाध्यता भइ खर्च भएकोमा आगामी दिनमा उक्त सुझाव कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दै सो रकम फछ्यौट गरी लगतकट्टा गर्न अनुरोध गर्ने

च) दफा ९५ मा दमकल कर्मचारीलाई थप दोहोरो भत्ता वापत रु ७२४०८४ असुल गर्नुपर्ने कायम भएको वेरुजु सम्बन्धमा दमकलका कर्मचारीहरु २४ घण्टानै काममा खटिनुपर्ने अवस्था रहेकोमा निजहरुलाई निर्णय बमोजिम नै अतिरिक्त भत्ता उपलव्ध गराएको र अव उप्रान्त सो भत्ता समेत उपलव्ध नगराउने प्रतिवद्धता व्यक्त गर्दै सो रकम फछ्यौंट गरी लगतकट्टा गरिदिनुहुन अनुरोध गर्ने ।

छ) दफा ९२ र दफा ९६ अनुसार इन्धनको सम्बन्धमा पालिकावाट विभिन्न व्यक्ति संघ संस्थाहरुलाइ कार्यालयको नियमित कामकाज तथा अति आवश्यक तथा फिल्डमा बैठक छलफल सर्जमिन विपद र विवाद समाधानका लागि मध्यस्थ गर्नका लागि र अनुगमन र अवलोकन जस्ता महत्वपुर्ण कार्यमा इन्धन खर्चिएको हुनाले सो को फछ्यौंट गरी लगत कट्टा गरिदिन अनुरोध गर्ने ।

प्रस्ताव नं. २ विविध माथि छलफल गर्दा देहाय बमोजिम गर्नेगरी निर्णय गरियो

CamScanner

विविध (क) मुल्याङ्कन समितिको मिति २०८२।१२।१० को निर्णय अनुसार झुम्का निर्माण सेवा रामधुनी ७१का प्रोपाइटर धरान उपमहानगरपालिका वडा नं. १६ वस्ने शोभा विष्टको नामवाट धरान उपमहानगरपालिका वडा नं. १६ वस्ने शितज भण्डारीको नाममा नामासारी गर्न अनुमति दिने निर्णय गरियो ।

विविध (ख) यस नगरपालिकामा सि.अ.न.मी. (सहायक पाँचौ) पदमा कार्यरत ऋचा काफ्लेको माग निवेदन अनुसार पुर्ण छात्रवृतिमा अध्ययनको लागि मिति २०८२।११।२५ देखि २०८५।११।२४ गते सम्म (तिन वर्ष) जाने भएको हुँदा निजलाई प्रचलित कानुन वमोजिम ~~बेतलबी~~ अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

विविध (ग) रामधुनि नगरपालिका भित्र वनेका घर तथा संरचनाहरुको नक्सा पास नभएको सम्वन्धमा हाल सम्म नक्सा पासको प्रक्रियामा नआएको भए मिति २०८३ साल वैशाख मसान्त सम्म नक्सा अभिलेखिकरण गर्ने प्रक्रियामा समावेश भए सो वापत लाग्ने सामान्य शुल्कमा ५० प्रतिशत थप गरी शुल्क लिइ नक्सा अभिलेखिकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

विविध(घ) यस नगरपालिकाको आ व २०८१/८२ को राजस्व संकलन गर्दा पालिकाको अधिकार क्षेत्र वाहेकका विषयमा कुनैपनि राजस्व संकलन नगरिएको स्वघोषणा गर्ने निर्णय गरियो ।

विविध (ङ) पञ्चायत आधारभुत विद्यालय रामधुनी -६ मर्मत कार्य सम्पन्न भइसकेको हुँदा प्राविधिक स्टिमेट वमोजिमको रकम रु ६००६८ मर्मत संभार शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

विविध (च) रामधुनी नगरपालिका वडा नं.९ को च.न.०१२८६ मिति २०८२।१२।१२ को पत्रानुसार उक्त वडा स्थित श्री दिनाभद्री मन्दिरमा मिति २०८३।०१।११ गते हुने २४ घण्टे पुजा सम्मेलनका लागि आर्थिक सहायता शिर्षकवाट कट्टा हुनेगरी रु १००००। दिने निर्णय गरियो ।

विविध (छ) राधे राधे मार्ग जाने बाटोमा हक्राहा खोलामा क्लभर्ट निर्माणको लागि प्राविधिक मुल्याङ्कन वमोजिम रू.७,०१,०००/- विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

विविध (ज) नगरपालिकाको पहिलो तल्लाको शौचालय मर्मत गर्न रू.३०,०००/- मर्मत संभार शिर्षकवाट भुक्तानि दिने निर्णय गरियो।

विविध(झ) देहाय बमोजिमका व्यक्ति र संघसंस्थालाई तपसिल बमोजिम आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

CS CamScanner

| क स | नाम थर र ठेगाना | रकम रु | कारण |
|---|---|---|---|
| १ | श्री नुनु मुसहर<br>रामधुनी ३म | १०००० | असिनापानीले छानो चुहीने भएको |
| २ | श्री महादेव कुमार माझी<br>रामधुनी ४ | १५००० | स्व.देवराज माझीको काजक्रिया |
| ३ | श्री हिरादेवी  थरुनी<br>रामधुनी २ | १५००० | निजको खुट्टाको उपचारको लागि |
| ४ | श्री रामप्रसाद ऋषीदेव<br>रामधुनी २ | १०००० | निजको हातको उपचार गर्न |

विविध (ञ) रामधुनी नगरपालिका बजार व्यवस्थापन गर्नकालागि सडको किनारा डोजरलागाइ पानिको निकासको व्यवस्था गर्न प्राविधिक लागत अनुमानका आधारमा मर्मत संभार शिर्षकवाट कट्टाहुने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

विविध(ट) रामधुनी नगरपालिकाका विद्यालय एकिकरण (मर्ज) दरवन्दी मिलान सिफारिस कार्यदलको प्रतिवदेन २०८२ कार्यान्वयनका लागि  नगर शिक्षा समितिमा पठाउने निर्णय गरियो ।

विविध(ठ) मिति २०८२।११।२९ गते झुम्का आधारभुत अस्पताल  व्यवस्थापन समितिको वैठकले गरेका सम्पुर्ण निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

विविध (ड) रामधुनीको स्वामीत्वमा रहेका सवारी साधन विमा तथा नविकरण गर्नका लागि आवश्यक रकम रु ४०००००। उपयुक्त शिर्षकवाट रकमान्तर गर्ने निर्णय गरियो ।

विवध (ढ) रामधुनी नगरपालिका वडा नं. ३ वडा कार्यालयको च न ०१९८९ मिति २०८२।१२।१५ को पत्रानुसार पुर्व प्रगति टोल विकास संस्था स्थित विष्णु थापाको घरदेखि अर्जुन श्रेष्ठको घर सम्म जाने वाटो स्तरोन्नतिका लागि व्लक विच्छ्याउन सोही वडाको व्लक विच्छ्याउने कार्य ठेक्का प्रक्रियाको विलो रकम वाट निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

विविध (ण) रामधुनी नगरपालिका वडा नं २ को च न ०१८२७ मिति २०८२।१२।१६ को पत्रानुसार उक्त वडा स्थित दत्तकिच्चा पुल जिर्ण अवस्थामा रहेको हुँदा उक्त पुल निर्माणको लागि आ व २०८२/८३ को वडा स्तरिय वजेट रकम रु १५००००। वाट मात्र अपुग भएको हुँदा प्राविधिक लागत अनुमान वमोजिमको नपुग रकम मर्मत संभार शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

विविध (त) नेपाल सरकार तराई-मधेश समृद्दि कार्यक्रमको मिति २०८२/११/२५ गतेको पत्र बमोजिम आ.व.२०८३-८४ को लागि तहाँ तोकिएको शर्त र मापदण्ड बमोजिम स्थानिय तहवाट व्यहोर्ने ३०% लागत सहभागिता समेत ब्यहोर्ने गरि निम्न वमोजिमको योजना पठाउने निर्णय गरियो।

१.रामधुनी न.पा. वडा न.४,कपिल दाहालको घर देखि उत्तर गणेश थापाको सम्म वराक्षेत्र जोड्ने बाटो कालोपत्रे

२.वडा न.२ शिवनगर धमौरी जोड्ने दत्तकिच्चा खोलामा पुल निर्माण

३.वडा न.७,६ क्याप्टेन चौक देखि रा.सा.ताल हुदै शँकरवेली जाने बाटो कालोपत्रे

विविध(थ) रामधुनी नगरपालिका वडा नं. ५ स्थित मितेरी पुल मर्मत कार्यका लागि रु २९५०००। मर्मतसंभार शिर्षकावाट उपलव्ध गराउने निर्णय गरियो ।

विविध (द) ऐतिहासिक धार्मिक तिर्थस्थलको रुपमा रहेको जिल्ला सुनसरी रामधुनि नगरपालिका वडा नं. ४ स्थित रामधुनी मन्दिरका मुल पुजारी महन्त काशीदास उदासी महाराजको मिति २०८२।१२।१६ गते असामहिक निधन भएको हुँदा भोली मिति २०८२।१२।१७ गते मंगलवारका दिन शोक विदा दिने निर्णय गरियो ।